नेपाल सरकार
# संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय
सिंहदरबार, काठमाडौं, नेपाल

पत्र संख्या:-
च.नं.

## प्रेस विज्ञप्ति

विगत दुई दिनदेखिको अविरल वर्षाका कारण देशका विभिन्न स्थानमा अलपत्र परेका पर्यटक तथा यात्रुहरूलाई उद्दार एवं सहयोग गर्न आज मिति २०८१ असोज १२ गते यस मन्त्रालयका माननीय मन्त्री श्री बद्री प्रसाद पाण्डेज्यूको संयोजकत्वमा मन्त्रालय सम्वद्ध निकाय एवं पर्यटन तथा नागरिक उड्डयन क्षेत्रसँग सम्वन्धित व्यवसायिक संस्थाका प्रमुख तथा प्रतिनिधिसँग आकस्मिक बैठक सम्पन्न भएको छ। उक्त बैठकले देहाय बमोजिमका निर्णयहरू गरी कार्यान्वयको लागि सबैलाई आव्हान गरेको छ।

१. देशका विभिन्न स्थानमा अलपत्र पर्यटकहरुलाई तत्काल उद्धार गर्न पर्यटन विभाग र नेपाल पर्यटन बोर्डबाट सम्पर्क समन्वय गर्ने।
   संपर्क व्यक्ति र नम्बरः.
   (क) पर्यटन विभाग, निर्देशक श्री राकेश गुरुङ (संपर्क नं. ९८५६०४०९७६)
   (ख) पर्यटन बोर्ड, निर्देशक श्री नन्दिनी लाहे थापा (संपर्क नं. ९८५१०२२९१२)
२. उद्धार कार्यमा पर्यटक प्रहरीलाई प्रभावकारीरूपमा परिचालन गर्ने।
   सम्पर्क व्यक्ति, नम्बरः
   प्रहरी नायब उपरीक्षक श्री रित बहादुर सिंह (संपर्क नं. ९८५५०९०४८६)
३. आन्तरिक उडान अवरूद्ध भई अन्तर्राष्ट्रिय उडान छुट्न गएका यात्रुहरूको टिकट सार्न अतिरिक्त शुल्क नलाग्ने गरी व्यवस्था मिलाउन नेपाल नागरिक उड्डयन प्राधिकरण (CAAN) र सम्बन्धित वायुसेवा कम्पनीहरूले आवश्यक समन्वय गर्ने।
४. हेलिकप्टरबाट उद्दार उडान गर्दा नियमित एवं सहुलियत शुल्कमा नै गर्ने व्यवस्था मिलाउने।
५. वायुसेवा कम्पनीका हेलिकप्टरहरु र र्‍याफ्टिङ एशोसिएसनका जनशक्ति तथा उपकरणहरुलाई अधिकतम परिचालन गर्ने गरी तयारी अवस्थामा राखे। साथै र्‍याफ्टिङ सम्वन्धी संस्थाहरूले उद्दारमा गरेको प्रसंसनीय कार्यलाई निरन्तरता दिने।
६. नेपालका सबै विमानस्थलहरू सञ्चालनयोग्य अवस्थामा नै रहेको हुँदा मौसमको अनुकुलता हुने बित्तिकै अन्तर्राष्ट्रिय र आन्तरिक उडानलाई अधिकतम क्षमतामा सुचारु गर्ने।
७. मौसम तथा उडान सम्वन्धी पूर्व सूचनालाई सर्वसाधारणको जानकारीको लागि निरन्तर प्रवाह गरीराखे।
८. होटल एशोसिएसन अफ नेपाल (HAN) ले अतिरिक्त समय बस्नुपर्ने वाध्यताका पर्यटकलाई होटल एवं डाइनिङ सेवा सहुलियत एवं नियमित शुल्कमा नै सहज ढंगबाट प्रदान गर्ने व्यवस्था मिलाउने।
९. सबै सरोकारवाला निकायलाई जोखिम व्यवस्थापनका लागि तयारी एवं सतर्क अवस्थमा रही मन्त्रालयसँगको निरन्तर सम्पर्क र समन्वयमा रहन अनुरोध गर्ने।

२०८१।६।१२

प्रवक्ता एवं सहसचिव
रामकृष्ण लामिछाने